# भावी संविधानमा सहकारी विषय समावेश गर्नका लागि सहकारी क्षेत्रका तर्फबाट प्रस्तुत साझा सुझाव

१) **प्रस्तावनामा समावेश गरिनुपर्ने:**
सहकारी आर्थिक प्रणाली राज्यको मुख्य आधारस्तम्भ हुनेछ ।

२) **राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा समावेश गरिनुपर्ने वुदाहरू:**

(क) **राज्यको दायित्व:**

जनताको आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरण, समानता, न्याय र सम्बृद्धिका लागि अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्त वमोजिमको सहकारी अवधारणालाई अङ्गिकार गर्ने राज्यको दायित्व हुनेछ ।

(ख) **राज्यका निर्देशक सिद्धान्तहरू:**

देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीहरूको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ग उपर आर्थिक शोषण हुन नपाउने गरी आर्थिक असमानता हटाउँदै सहकारी अर्थ व्यवस्थालाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।

(ग) **राज्यका नीतिहरूमा समावेश गराउनुपर्ने:**

- ❑ सहकारिताको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले लिनेछ ।
- ❑ उत्पादन, प्रशोधन, बजारीकरण, वितरण तथा वित्तीय र सेवा क्षेत्रहरू एवं विपन्न तथा न्यून आय भएका पिछडिएका क्षेत्र, जातजाति र समुदायको आर्थिक सम्बृद्धिका लागि सहकारी पद्धतिलाई अपनाउने नीति राज्यले लिनेछ ।

(घ) **आर्थिक कार्य प्रणालीमा समावेश गर्नुपर्ने:**

- ❑ अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त अनुसार सहकारी नेपाली जनताको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको जीवनपद्धति हुनेछ ।